COGNITION A Peer Reviewed Transdisciplinary Research Journal, Volume 3, Issue 1, January 2021

# जगत् उपाध्याय 'प्रेक्षित'का कवितामा राष्ट्रप्रेम

**डा. यज्ञेश्वर निरौला**

**उपप्राध्यापक,रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौँ ।**

**सार**

*बहुमुखी प्रतिभाका धनी जगत् उपाध्याय 'प्रेक्षित'ले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गरेका छन् । उनले कविता, निबन्ध, बालसाहित्य, समालोचना, शिक्षा, दर्शन आदि विविध क्षेत्रमा कलम चलाए तापनि उनी बालसाहित्यकार एवम् कविका रूपमा चिनिएका छन् । यस शोध लेखमा उनका आकुञ्चन, समयका छालहरू, म, माटो र मुटु कवितासङ्ग्रह तथा ज्वाला खण्डकाव्यमा अभिव्यक्त देशप्रेम एवम् राष्ट्रबोधको खोजी गरी विश्लेषण गरिएको छ । यस शोध लेखका निम्ति आवश्यक पर्ने प्राथमिक तथा द्वितीयक दुवै प्रकारका सामग्री पुस्तकालय विधिको नमुना छनोट पद्धतिबाट सङ्कलन गरी राष्ट्रबोधको सैद्धान्तिक अवधारणामा केन्द्रित रहेर विश्लेषण गरिएको छ । बाहिरी मुलुकले देशका विभिन्न क्षेत्रमाथि हस्तक्षेप गर्दा त्यसको विरोध गर्नु मात्र राष्ट्रबोध एवम् राष्ट्रियता होइन, माटोप्रतिको मायाभावको अभिव्यक्ति, राष्ट्रिय प्राकृतिक सौन्दर्यको वर्णन, राष्ट्र कमजोर बनाउने तत्त्व घुसखोरी, कमिसनखोरी, भ्रष्टाचार, कालोबजारी आदि पनि राष्ट्रघाती कार्य हुन् । यस प्रकारका राष्ट्रघाती कार्यको तीव्र विरोध गर्दै समाज सुधारको अपेक्षा राख्नु पनि राष्ट्रियताको अभिव्यक्ति हो । राष्ट्रबोधसम्बन्धी यिनै अवधारणाका आधारमा कवि प्रेक्षितका कवितालाई विश्लेषण गर्दै उनीभित्रको राष्ट्रप्रेम प्रस्ट पार्नु नै यस शोधलेखको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी : परिष्कारवादी चेतना, स्वाधीनता, स्वाभिमान, समाज रूपान्तरण, प्रगतिशीलता**

## परिचय

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका साहित्यकार जगत् उपाध्याय 'प्रेक्षित' ले विशेष गरी कविता, निबन्ध, बालसाहित्य र समालोचनाका क्षेत्रमा ख्याति कमाएका छन् । समसामयिक विषय, शिक्षा र दर्शनशास्त्रका क्षेत्रमा समेत कलम चलाएर सिद्धहस्त व्यक्तित्वका रूपमा स्थापित भइसकेका उपाध्याय 'आमोद' पत्रिकामा प्रकाशित 'मेरो चाहना' कविताबाट औपचारिक कवितायात्रामा प्रवेश गरेका हुन् । उनका हालसम्म 'आकुञ्चन' (कवितासङ्ग्रह, २०५०), 'ज्वाला' (खण्डकाव्य, २०५४), 'कमिलाको एकता' (बालकवितासङ्ग्रह, २०५९), 'समयका छालहरू' (कवितासङ्ग्रह, २०६०), 'हिमाल हेर्न जाऔँ' (बालकवितासङ्ग्रह, २०६५), 'सेता हाँस र मुसाहरू' (सचित्र बालकथा, २०६६), 'नेपाल प्रज्ञा-प्रतिष्ठानका गौरवमय साठी वर्ष' (अनुसन्धान, २०७४), 'दैलेख लम्जीको कश्यप गोत्रीय पाण्डेय वंश र ज्यो. पं. हरिप्रसाद उपाध्याय' (अनुसन्धान, २०७५), 'म, माठो र मुटु (कवितासङ्ग्रह, २०७५), 'आरम्भ' (हाइकुसङ्ग्रह, २०७५), 'आलोचनात्मक भूमिकाहरू' (२०७५), 'काव्य परिशीलन' (समालोचना, २०७५) लगायत अन्य समालोचना, पाठ्यपुस्तक, अनुवाद आदि कृतिहरू प्रकाशित छन् । वर्तमान समाजमाथि आलोचनात्मक दृष्टि राख्ने कवि उपाध्यायका 'आकुञ्चन', 'समयका छालहरू' र 'म, माटो र मुटु' गरी तनिओटा कवितासङ्ग्रह प्रकाशित छन् र यो समालोचनात्मक लेख उनका कवितामा अभिव्यक्त राष्ट्रबोधमा केन्द्रित रहेको छ ।

*Received : October 2020*  *Accepted : December 2020*

'आकुञ्चन' कालीन कवितासङ्ग्रहमा बीजाङ्कुरण भएको कवि प्रेक्षितको स्वच्छन्दतावादोन्मुख परिष्कारवादी चेतना 'ज्वाला' खण्डकाव्यसम्म आइपुग्दा निकै मौलाइसकेको थियो। त्यसपछि 'समयका छालहरू' हुँदै 'म, माटो र मुटु' मा आइपुग्दा त उनको कविता यात्रा स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्तिप्रति गतिशील भएको पाइन्छ र उनी स्वच्छन्दतावादी प्रगतिवादी कित्ताका प्रबल कविका रूपमा स्थापित भएका छन्। शार्दूलविक्रीडित, अनुष्टुप, उपजाति, मालिनी, पञ्चचामर, भुजङ्गप्रयात, तोटक, मात्रा, झ्याउरे लय, गीति लय आदि छन्द तथा लयमा लेखिएका उनका कवितामा नेपालमा प्रजातन्त्र पुनर्बहालीपछि र गणतन्त्रकालसम्मका सामाजिक राजनीतिक विषय प्रस्तुत भएका छन्। उनले आफ्ना कपवतामा विशेषगरी देश, जन्मभूमि र माटोप्रतिको माया, नेपाली जनजीवनगत परिवेशप्रतिको आस्था, राजनीतिक सामाजिक परिवर्तनप्रतिको विश्वासका अभिव्यक्ति दिएका छन्। यसैगरी समकालीन नेपाली समाज र जनजीवनमा देखिएका उतारचढाव, जीवन बाँच्ने क्रममा मान्छेले गरेको सङ्घर्ष तथा तिनको संवेदनशीलता समेत व्यक्त भएका कविता उनका कृतिहरूमा समेटिएका छन्। यस शोधलेखमा कवि प्रेक्षितका कवितामा केकस्तो राष्ट्रबोध रहेको छ भन्ने शोधसमस्या रहेको छ भने उनका कवितामा प्राप्त राष्ट्रबोधको निरूपण गर्नु उद्देश्य रहेको छ।

## अध्ययन विधि

यो गुणात्मक ढाँचाको अध्ययन हो। यसमा कृतिबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ। प्रस्तुत लेखमा जगत् उपाध्याय प्रेक्षितका सबै कवितालाई जनसङ्ख्याका रूपमा परिभाषित गरिएको छ। यस शोध लेखका लागि सम्भावनारहित नमुना छनोट पद्धतिअन्तर्गतको उद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा उनका तीनओटा कवितासङ्ग्रह र ज्वाला खण्डकाव्य छनोट गरिएको छ। यसमा कवि प्रेक्षितका आकुञ्चन, समयका छालहरू र म, माटो र मुटु कवितासङ्ग्रह र ज्वाला खण्डकाव्यमा रहेको राष्ट्रबोधसँग सम्बन्धित विभिन्न कृति र लेखहरूलाई आधार बनाएर तथ्य सङ्कलन गरिएको छ। प्राप्त तथ्यको वर्णन, तुलना र त्यसको पुष्टिका लागि उदाहरणसमेत दिई आगमन विधिबाट विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ।

## सैद्धान्तिक पर्याधार

साहित्यमा प्रगतिशीलता, राष्ट्रियता, राष्ट्रवादी भावना, राष्ट्रिय चेतना आदि जन्मभूमि एवं देशभक्तिको भावना साहित्य लेखनको आरम्भकालदेखि नै अभिव्यक्त हुँदै आएको छ। यससम्बन्धी विभिन्न चिन्तकहरूले आआफ्नो मान्यता अघि सारेका छन्। अल्बर्ट गेरार्ड (सन् १९३३) ले साहित्य परम्परालाई राष्ट्रिय परम्परा, राजनीतिक परम्परा, आर्थिक परम्परा, सामाजिक परम्परा, सांस्कृतिक परम्परा आदिको समष्टिका रूपमा अर्थ्याएका छन्। तिमोथी जे. रेइस (सन् १९९२) ले राष्ट्रियता र उपनिवेशवादको समष्टिमा साहित्यलाई परिभाषित गरेका छन्। आफ्नो मूल थलो एवं थातबास छोडेर विदेशमा गएर बसोबास गरी विदेशकै नागरिकता लिएका जनतामा पलाएको राष्ट्रियतालाई पनि साहित्यले समेटेको पाइन्छ। भण्डारी ले यस सम्बन्धमा साहित्यकार इन्द्रबहादुर राई (सन् १९९४) ले नेपाली मूलका भारतीय नागरिकबाट लेखिएको साहित्य र विशेषगरी कवितामा अभिव्यक्त राष्ट्रियताको विश्लेषण गरेका छन्। यसप्रकार अब राष्ट्रियता आफ्नै देशका मूल नागरिकमा मात्र नभएर विदेशबाट आएर बसोबास गरेका जनतामा पनि जुन देशको नागरिकता लिएर बसेका छन् त्यहीँ कर्म गरी जीविकोपार्जन गरेका छन्, त्यसै देशप्रति मायाममता जागृत भई राष्ट्रियताको भाव उजागर भई मौलाउँदै जाने देखिन्छ। भण्डारी (२०६५) ले साहित्यमा जीवन, संस्कृति र राष्ट्रियता आदिको

Received : October 2020  Accepted : December 2020

चित्रण हुने बताएका छन् । प्रस्तुत शोधलेखमा राष्ट्रबोधका उपर्युक्त सन्दर्भलाई आधर बनाएर कवि जगत् उपाध्याय 'प्रेक्षित' का कवितामा रहेको राष्ट्रबोधको विश्लेषण गरिएको छ।

**कवि प्रेक्षितका कवितामा राष्ट्रबोध**

कवि प्रेक्षितका कवितामा राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता र देशप्रेमको भावना अभिव्यक्त भएको छ। समाज र राष्ट्रप्रतिको आफ्नो जिम्मेवारी, कर्तव्यपरायणता, त्याग र समर्पणको भावनाले नै मुलुक अघि बढ्ने तर पदलोलुपता, व्यक्तिगत स्वार्थ, भ्रष्टाचार, कमिसन आदिले देश खोक्रो बनाउँदै लैजाने र समाजमा त्यस्ता व्यक्तिको कुनै इज्जत र प्रतिष्ठा पनि नरहने कविको आशय व्यक्त भएको छ।

**राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेपप्रति चिन्ता**

नेपालको राष्ट्रिय स्वाभिमान, राष्ट्रिय गौरव, संस्कृति, सामाजिक जनजीवनप्रति पराई मुलुकले खल्बल्याउन खोजेको अवस्थाप्रति कवि असन्तुष्ट देखिन्छन् र उनले आफ्ना कवितामा माटोको महिमा, समाज र राष्ट्रको स्वाभिमानी चेतना एवं नेपाली समाज बिथोल्न लागिपरेका पराईप्रति खबरदारी, गुम्दै गएको स्वाभिमान र राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेपप्रति चिन्ता तथा आक्रोश दुवै प्रस्तुत गरेका छन्।

म माटो ढुक्ढुकी बन्छु वासना छर्छु हर्हर ।

सिर्जनास्रोत माटामै म बच्तछु निरन्तर ॥

'माटो' नै 'म' अनि 'माटो' 'म' नै बनेर सुन्दर ।

सृष्टि स्वर्णिम कल्पिन्छु माटो नै भै सधैँभर ॥

(म माटो : ३)

माटामा रहेको अथाह सिर्जनास्रोतमा आफूलाई समाहित गर्दै सधैँ स्वर्णिम सिर्जनाको परिकल्पना यस श्लोकमा व्यक्त भएको छ। बुद्ध जन्मेका यसै माटामा आफ्नो जन्म भएकोमा हर्ष र खुसी व्यक्त गर्दै यसै माटामा शान्तिको गीत गाउने र माटोरूपी यस मन्दिरमा आफू पुजारी बनी माटालाई तीर्थ बनाउने अनि यही माटामा सत्य र न्यायको कल्पवृक्ष फलाउने चाहना कविले व्यक्त गरेका छन्। त्यस्तै अर्को उदाहरण हेरौँ :

छाया म दिम्ला हिमशैलबाट ।

सीमा ननाघी बस पारि फाँट ॥

छोड्छौ नि साथी जब हान्न जाल ।

जम्ने छ हाम्रो तब अङ्कमाल ॥

(मातृभूमिको आत्माभिव्यञ्जना : १०)

छिमेकी मुलुकले बेलाबेलामा सिमाना अतिक्रमण गरी नेपाली भूभागमा आएर ज्यादती गरिरहेको सन्दर्भ माथिको कवितामा व्यक्त भएको छ। असल छिमेकीको असल मित्रता राखिछाड्नका निम्ति छिमेकीलाई सिमाना ननाघ्न आग्रह गर्दै यदि आफ्नो परिधिमा बस्न सके यहाँको हिमशैलबाट सधैँ छहारी पाइरहने र दुई

छिमेकीमा रहेको मित्रताको अङ्कमाल कहिल्यै नटुट्ने, बरु सम्बन्ध झन्झन् ठोस बन्दै जाने नेपाल भूमिको आत्माभिव्यञ्जनाका रूपमा कविले व्यक्त गरेका छन् ।

**गुम्दै गएको स्वाभिमानप्रति चिन्ता**

गौरवपूर्ण इतिहास बोकेको मुलुक नेपाल वीर गोर्खालीको देश भनेर संसारभरि परिचित भए पनि वर्तमानमा आफ्नो गौरव र स्वाभिमान गुमाउँदै गएकोमा कवि निकै चिन्तित देखिएका छन् । पुराण र इतिहासका विभिन्न सन्दर्भहरूलाई विम्ब र प्रतीकका रूपमा प्रयोग गर्दै कविले यस मुलुकमा असङ्ख्य बुद्ध, व्यास र अभिमन्यू जन्मेका तर बाहिर निस्कन नपाई भित्रै गुम्सेर विलीन भएकामा मन अत्यन्तै पिरोलिएको उल्लेख गरेका छन् । यहाँका बुद्ध बाहिर देखिँदैनन्, वेदव्यास गुफामै छन् र केही गरे पनि तिनमा ज्ञान फुर्न छाडिसकेको छ, जालझेल र चक्रव्यूहका माझ कैयौँ शक्तिशाली अभिमन्यू मरेका छन् । बाहिर संसारमा वीर नेपाली भनेर प्रसिद्धि कमाएको तर आफ्नै देशका निम्ति केही गर्न नसकेको अवस्था छ । यहाँ धेरै नायक छन् तर आफै नायक भएर बाँच्न सकेका छैनन्, गायक छन् तर आफ्नै गीत गुन्जाउन नसक्दा तिनको अवस्था अलपत्र छ । कैयन जनताले अन्तरको बोली निकाल्न सकेका छैनन् । माटोमा फूल फुलाउने शक्ति विदेसिन लाम लागेर बसेको छ । कञ्चन, सफा, स्वच्छ पानी बगिरेहका खोलामा अचानक रगत बग्नाले समाज आक्रान्त छ । नारीले सतीत्व बचाएर हिँड्न सकेका छैनन् । मान्छेको लास खोज्दै आकाशमा गिद्ध उडिरहेका छन् । विद्यालय र विश्वविद्यालयका पाठ्यक्रम पाठ्यपुस्तकमा इतिहास रटाइन्छ तर वर्तमान भताभुङ्ग छ । जनशक्ति विदेश पलायन भएर देश कमजोर र शक्तिहीन बनेको छ ।

यसरी विकास र सम्भावनाका सबै कुराको बाँध थुनिएर विकास, आचरण, नैतिकता, सद्भाव सबै कुराको मूल बाहिर निस्कन र बग्न छाडिसकेको अवस्थामा देशमा र देशको संवेदना बोकेर हिँडेका स्वाभिमानी व्यक्ति तथा हातमा कलम बोकेका कवि साहित्यकारले 'आफू नै छु कि छैन' भन्ने अवस्था सिर्जना भएको मार्मिक सन्दर्भ कविले 'मेरो देश' कवितामा व्यक्त गरेका छन् । देशमा व्याप्त रहेर बसेको अनि देशलाई विकासका बाटामा अघि बढ्न नदिने तत्त्व निर्मूल पारी स्वच्छ, शान्त, विकासमय, झिलिमिली अवस्थाको देश हेर्न चाहने राष्ट्रवादी भावना कविले अघि सारेका छन् । कविको आशय यसरी अभिव्यक्त भएको छ :

अग्लो सगरमाथाझैँ अग्लै देश होओस् सधैँ ।
अग्लै हुन् अगुवा सारा अग्लै हुन् जनता सबै ॥
सिंह बन्ने नहोस् कोही, स्याल बन्ने नहोस् कुनै ।
गर्दै गर्व भनून् मान्छे मेरो देश नेपाल नै ॥
(मेरो देश : ७)

पलायनको प्रवृत्ति बढ्दै गएको नेपाली समाज दिन प्रतिदिन बिग्रँदो र भत्कँदो अवस्थामा पुगेको छ । बौद्धिक पलायन, श्रम पलायन, संस्कृति पलायन आदि नेपाली समाजमा अहिले प्रत्यक्ष देखिने जल्दोबल्दो समस्या हो । नेपालमा बसेर केही काम गर्न सकिँदैन भन्ने सङ्कीर्ण सोचाइ बोकेर विदेश पलायन हुनेहरूको जमातले नेपाली समाज र संस्कृतिको मूल्य मान्यताप्रति नकारात्मक असर पारिरहेको छ । यसबाट हाम्रो सामाजिक मूल्यमा चोट पुगेको छ र सांस्कृतिक मान्यता भत्कँदै गएको छ । कवि जगत् प्रेक्षित्‌ले 'छोड्द्यौ मार्न

र बाँच्न द्यौ' कवितामा यसरी विदेश पलायन हुनेहरूलाई 'हाम्रो जोस उमङ्ग रङ्ग प्रतिभा यै देशमा नै छरौं' भन्दै आफ्नो जोस, जाँगर र प्रतिभा यसै देशमा छरेर फलाउने फुलाउने काम गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

**आफ्नै संस्कृतिप्रति मोह**

आफ्नो देश र संस्कृतिभन्दा महान् अरू कुनै कुरा हुन सक्तैन । आफ्नै वनकन्दरा, हिमटाकुरा चुम्दै आफ्नै बलपाखुरामा बाँच्न चाहने कवि उपाध्यायले जति दुःख परे पनि आफ्नै घरमा बस्न पाउँदा, आफ्नै भूमिमा रमाउन पाउँदा, आफ्नै समाज र संस्कृतिमा हाँस्न पाउँदा र स्वदेशमै सिर्जनाको गीत गाउन पाउँदा मात्र सन्तुष्ट हुन सक्ने भाव व्यक्त गर्दै भनेका छन् :

स्वदेश यो मन्दिर यो मलाई

म गर्छु पूजा जनदेवलाई ॥

मलाई ढुङ्गा सब शालिग्राम

छ मृत्तिका चन्दनको समान ॥

(देशभक्त : ४)

तर समाजमा स्वार्थपूर्तिका निम्ति विकृति फैलाउनेहरूको जगजगी छ। ठगेर, झुक्याएर, भ्रममा पारेर, लुटेर, मानवले मानवको हत्या गरेर सामाजिक सद्भाव खल्बल्याउने धूर्तका कारण बढ्दै गएको विकृति विसङ्गतिले आफ्नो आदर्श समाज र आदर्श राष्ट्रभाव हराउनाले आफ्नो देश खोज्न कहाँ जाऊँ भन्दै कविमन तड्पिरहेको छ । कविले भनेका छन् :

स्वदेश खोज्दै कुन ठाउँ जाऊँ

विदेशमै यो अथवा रमाऊँ ॥

(सहर : ११)

नेतादेखि लिएर सेना, प्रहरी, कर्मचारी लगायत सर्वसाधारणमा समेत बढ्दै गएको स्वार्थले अनि सदियौँदेखि सामन्तहरूले थिचोमिचो गरेको समाज मुक्तिका निम्ति चेतनामा क्रान्ति ल्याउने कलमवीर नै हो । अन्याय, विकृति, विसङ्गतिका अँध्यारा पाटालाई पन्छाउँदै चेतनाको क्रान्तिमा जुट्ने कलमवीर कवि उपाध्यायले भनेका छन् :

छरी प्रकाश मुक्तिको म बल्छु चम्किँदै यहाँ

स्वदेशका कुना-कुना म पुग्छु लम्किँदै यहाँ ॥

छ अन्धता जताततै म क्रान्तिदीप बाल्दछु ।

छ घोर यो निशा यहाँ धुजा-धुजा म पार्दछु ॥

(मलाई देश चाहियो : ५)

यस कवितामा खस्कँदो राष्ट्रियता देखेर आक्रोश व्यक्त गर्दै कविले राष्ट्रप्रतिको मायाममता र देशभक्त

वीर नेपालीको हुङ्कार प्रस्तुत भएको छ। आफू राष्ट्र र सृष्टिकै प्रदीप्त ज्वालमाल भएको र राष्ट्रियता कमजोर पार्ने विभेदरूपी अन्धकारमा बारुदी हुङ्कार छर्दै दीनहीनको स्वतन्त्रता पुकारका निम्ति जुटिरहने कविको आशय छ।

**समाज उत्थानका निम्ति आह्वान**

जुन समाजको बासिन्दा अत्यन्तै दुःखकष्टले जीवन घिसारिरहेको हुन्छ, के खाऊँ र के लगाऊँ भन्ने चिन्ताले रातदिन पिरोलिरहेको हुन्छ, गाँस, बास, कपास, शिक्षा स्वास्थ्य जस्ता बाँच्नका निम्ति नभई नहुने आधारभूत आवश्यकताबाट ऊ वञ्चित छ त्यस्तो व्यक्तिमा न समयको गणना थाहा हुन्छ न तिनमा सांस्कृतिक चेतना हुन्छ। सामाजिक मूल्य र सांस्कृतिक मान्यताबाट धेरै टाढा रहेको व्यक्ति जहाँ राम्ररी खान लगाउन पाउँछ ऊ त्यहीँ जान्छ। राष्ट्रले उसलाई केही गरेको छैन भने उसका निम्ति देश र राष्ट्र भन्ने कुरा धेरै टाढा रहन्छन्। समाजमा बसेपछि यो मेरो समाज, यो मेरो राष्ट्र भन्ने चेतना भर्न सकिएको छैन भने त्यहाँ राष्ट्रियता हुँदैन। तसर्थ यस्ता सूक्ष्म कुरामा लुकेर बसेको राष्ट्रियता नजगाएसम्म बाहिर बाहिर, बोक्रे नारा लगाउँदैमा राष्ट्रियता बाँच्न नसक्ने भाव कविले अघि सारेमा छन् :

अँध्यारोभित्र चाहिन्छ ज्योति धर्तीका कुनामा
उज्यालोभित्र हुँदैन अर्थ उज्यालै हुनामा।
लौ आऔँ हामी धपक्कै बनौँ अँधेरी रातमा
सुनौलो सृष्टि बनेर लाखौँ झुपडी साथमा ॥
(चढ्ने हो हामी सगरमाथा)

यहाँका पाखापखेरा, बस्ती, गाउँ, टोल, गरिबदुःखीको आँगन, झुपडीको एकमुष्ट स्वरूप नै देशेको मुटु हो। मुटुको धड्कन चल्न छाडेपछि जसरी जीवको अन्त हुन्छ त्यसरी नै गाउँबस्ती, पाखापखेरा आदिमा धड्कन हरायो भने देशको जीवत?व पनि अन्त हुन्छ। नेपाल यही जीवतत्त्वमा बाँचेको छ। विकास र सिर्जनाले गाउँबस्ती छुन सकेन भने राष्ट्रियताको रक्तसञ्चार ठप्प हुन्छ र देशको अस्तित्व विलीन हुन्छ। देश र राष्ट्रियता भनेको भूगोलको सीमा मात्र होइन र राज्यसत्ता मात्र पनि होइन। राष्ट्रको ढुकढुकी भनेकै प्रत्येक झुपडी, ती झुपडीका बासिन्दा, यहाँका छहरा, पहरा, खोलानाला, पानीको मूल, जरुवा, बिरुवापात, जीवजन्तु सबै हुन्। तिनको विकास नगरेसम्म राष्ट्रियताको विकास हुन नसक्ने कवि उपाध्यायको राष्ट्रवादी भावना उनका कवितामा छचल्किएर आएको छ :

छामेँ मैले मुटुभित्र देश धड्कन्छ बेसरी
छन् त्यहीँ ममता रेखा माटाका आँकुरासरि ॥
मेची-काली छचल्किन्छन् नसामा रक्त भै त्यहीँ
पाखुरीमै बसेका छन् लेकबेँसी जहीँतहीँ ॥
(मुटु र देश : १)

तर बस्ती बस्तीमा पुगी जनताको हृदयमा मलमपट्टी लगाउनुका सट्टा देशको ढिकुटी सिध्याएर आफू ठालु हुन पल्केका देशमारा र मातृभूमिलाई बलात्कार गर्ने मातृद्रोहीको प्रवृत्तिप्रति कविले चोटिलो व्यङ्ग्य प्रहार गर्दै आफूभित्रको राष्ट्रियतालाई अझ दरिलो बनाएका छन् :

के माया ममता मेरो यी नदी यी हिमालमा

पाए पुग्छ सधैँ बस्न उज्यालो सुखस्वर्गमा ।।

आउनुस्, किन्नुहोस् ख्वामित् ! देश ऐले लिलाम छ

म आफैँ बेचिएको छु, यसको कुन काम छ ?

(देश ऐले लिलाम छ : ५)

आफूलाई देशको मोलतोलका निम्ति विज्ञापन ठान्ने राष्ट्र बेचेर भुँडी भर्न पल्केका दलालहरूको मायाजाल र ती दलालले सोझासिधा जनताप्रति गरेको अन्यायलाई व्यङ्ग्यात्मक पारामा यस कवितामा कविले व्यक्त गरेका छन् ।

**नेपाली प्रकृतिको चित्रण**

नेपाली प्रकृतिको सुन्दरचित्रण गर्दै कवि प्रेक्षितले राष्ट्रको महिमागान गरेका छन् । हिमालको सुन्दर दृश्य, त्यसमुनि हरिया वनकुञ्ज, डाँडापाखा, चउर, वनमा भित्रभित्रै वहने खोलानाला, पहाडको फेदीबाट बग्ने असङ्ख्य नदीनाला, पहाडबाट खसेका झरना अनि तराईका फाँटले नेपाल साँच्चै नै प्राकृतिक सौन्दर्यले मनमोहक छ। यहाँको प्राकृतिक सुन्दरताको वर्णन गरेर प्रकृतिका पुजारीका रूपमा रहेका कुनै कवि पनि थाकेका छैनन् । कवि प्रेक्षितले आफ्नो 'ज्वाला' खण्डकाव्यमा प्रकृतिको यशोगान गर्दै राष्ट्रियताको भाव यसरी व्यक्त गरेका छन् :

सेता हिमालको घुम्टो ओढी यो दुलहीसरि

हरिया वनका भित्र मुस्काएर सधैँभरि ।।

नयाँ सिर्जनाका ढोका खुलाई शिल्पचातुरी

सर्वत्र ज्योतिको पुञ्ज छर्छ यो सुन्दरीपुरी ।।

सौन्दर्य छ सबैतर्फ हरिया वनकुञ्ज छन्

डाँडा चहुर पाखा यी बुट्टा रङ्गीन भर्दछन् ।।

छाए झैँ छ सधैँ शान्त वासन्ती पुष्पकोमल

लागेझैँ छ बिहानीको मोहनी सबका दिल ।।

छ मानौ जुन ताराले छाएको हिमपर्वत

सेतो रजतझैँ शोभा टल्काई स्वच्छ निर्मल ।

यद् वा भास्करझैँ कान्ति छर्कँदै व्योमबाट त्यो

झुल्क्यो होला सबै ठाउँ उज्यालो दिव्य स्वर्गको ॥

(ज्वाला खण्डकाव्य तेस्रो सर्ग)

देशका भित्रभित्रका भूगोलमा रहेका प्राकृतिक छटाहरूको चित्रण गर्न पनि कवि पछि परेका छैनन् । कविले नेपाली नदीनाला, नेपाली वनपाखा आदिको सुन्दर चित्रण यसरी गरेका छन् :

राप्तीका नव छालले हृदयमा भाका अझै जाग्दछन् ।

स्नेही सुन्दर ती बबैलहरले मैलाई नै डाक्दछन् ॥

पढ्छस् धेर यहाँ विराम गरदै आराम ले, ले भनी ।

चौतारो मकनै बोलाउँछ सधैँ आ आ बिजौरी भनी ॥

(जनता विद्यापीठ दाङ पढ्दाको सम्झना : ६)

ज्ञान, शास्त्रको अध्ययनबाट विवेकशील बनेका नागरिकले नै समाजको अन्याय, अत्याचार र शासक वर्गको निरङ्कुशता अन्त्य हुने बुझेर कविले विद्यार्थी कालदेखि नै अदम्य शक्ति बटुलेर समाज रूपान्तरणमा लागेको यस कवितामा अभिव्यक्त भएको छ ।

**क्रान्तिबाट समाज रूपान्तरणको आह्वान**

क्रान्ति चेतना, क्रान्तिकारी भावनाबिना राष्ट्रनिर्माण असम्भव छ । यहाँ चेतनामा क्रान्तिको खाँचो छ । विकासमा, शिक्षामा, राजनीतिमा सबै क्षेत्रमा क्रान्ति नभई नहुने तत्त्व हो । क्रान्तिले नै व्यक्ति बदल्न सकिन्छ अनि क्रान्तिले नै समाजको रूपान्तरण सम्भव छ । यसर्थ हरेक क्षेत्रमा चेतनाको ज्योति बाल्नका निम्ति क्रान्ति अनिवार्य भएको छ । हुन त देशमा राजनीतिक क्रान्ति धेरै भएका छन् तर सामाजिक क्रान्ति, आर्थिक क्रान्ति एवं सांस्कृतिक क्रान्तिविना समाज रूपान्तरण हुनै सक्तैन । कवि प्रेक्षित्‌ले क्रान्ति चेतनाले नै समाजको अनि राष्ट्रको विकासमा गति ल्याउन सकिने आशय आफ्ना कवितामा व्यक्त गरेका छन् । कविले आफूलाई क्रान्तिपुरुष ठान्दै भनेका छन् :

वर्गभेद ननिका म त मास्छु

अन्धकार, कुहिरो सब नास्छु ।

क्रान्तिदीप म जलाउँछु सारा

बोक्न सक्छु युगको अभिभारा ।

(समयको माग : २)

कवि प्रेक्षित् आफू, समाज र देश स्वतन्त्र रूपमा प्रगतिको बाटोमा माथि चढिरहन पाइयोस् भन्ने सोचाइ राख्दछन् । कवि कसैको पराधीनता स्वीकार गर्दैनन् भने अर्कातिर मान्छेभित्र जमेको हिलो, लेदो र

कालोपन धोइपखाली गरी कविताकै माध्यमबाट सबैको मन सुकिलो पार्न चाहन्छन् । आफूले जति प्रयास गरे पनि देश र समाज सुध्रन नसक्दा उनीभित्र क्रान्तिको ज्वाला दन्केर आउँछ र भनेका छन् ः

उज्यालो स्वर्गको आगो धर्तीमा झार्न सक्छु म ।

अग्ला शोषणका किल्ला खरानी पार्न सक्छु म ।।

(जीवनपथ)

मान्छेको मनमा रहेको कल्मश बढारेर मिल्काई ज्ञान र विवेकको ज्योति मानव पशु स्वभावको विकास गरेर होइन मान्छे नै भएर सामाजिक काममा अग्रसर भए मात्र समाज र राष्ट्र उन्नतिको मार्गमा लाग्ने कविको आशय यहाँ व्यक्त भएको छ ।

**सहिदहरूप्रति सम्मान**

नेपाल भूमिमा आफ्नो मातृभूमिको उन्नतिका निम्ति कैयौँ वीर सपूतले क्रान्ति गर्दागर्दै आत्मबलिदान गरेका छन् । वीर सपूतहरूको सफेद भावनालाई कुल्चँदै निरङ्कुश शासन सत्तामा बसेका नरपिशाचले मृत्युदण्ड दियो । तिनले देश र मातृभूमिका निम्ति प्राण उत्सर्जन गरे र सहिद भए । तिनको सहादतपछि देशमा कैयौँ राजनीतिक परिवर्तन आए तर क्रान्तिकै पक्षधरहरू सत्तामा पुग्दा पनि तिनले आर्थिक र सामाजिक रूपान्तरण गर्न सकेका छैनन् । यसले गर्दा वीर सपूतहरूको आत्मा रोएको छ । सहादत प्राप्त सबै वीर सपूतहरू एक ठाउँमा बसी आफू जन्मेको र आफ्नो रगत बगेको भूमिको उन्नति हुन नसकेको अवस्था चिन्ता व्यक्त गर्दै तिनै सहिदहरू एकै ठाउँमा बसी अन्तरसंवाद गरेको स्वैरकाल्पनिक सन्दर्भ पनि कविले अघि सारेका छन् ।

छ भोगी दलको नेता राजाझैँ दरबारको ।

विलासी पदको प्यासी छ चिन्ता घरबारको ।।

खै ! बौद्धिक कहाँ भागे ? कता गो बुद्धिजीविता ?

तेम्रो अङ्ग स्वयम् भङ्ग भएझैँ छ कताकता ?

(सहिदहरूो अन्तरसंवाद)

देशमा भएको क्रान्ति, वीरहरूले सहादत प्राप्त गरेको घटना, समुन्नत नेपाल निर्माणको सपना देखी वीरहरूले गरेको त्याग र बलिदान अनि त्यसै बलिदानबाट प्राप्त प्रजातन्त्र, लोकतन्त्र अनि गणतन्त्र आउँदा पनि नवसामन्तहरूको बिगबिगीले देश आक्रान्त छ । सहिदहरूको आत्मले दुखमनाउ गरिरहँदा कविले एउटा अठोट गरेका छन् ः

तिम्रा पौरखका किल्ला कहिल्यै ढल्न दिन्न म ।

तिमी झैँ म स्वयम् जल्छु, देश यो जल्न दिन्नँ म ।।

यी हाम्रा घरका कोठा, चोटा टुक्रिन दिन्नँ म ।

बिरानो वनको साँढे यहाँ डुक्रिन दिन्नँ म ।।

लुटको स्वर्गमा आगो सल्काई ध्वस्त गर्दछु ।

मर्न दिन्न कसैलाई भोकै, बरु म मर्दछु ॥
भर्न दिन्न कसैका नि आँखामा आँसु बर्बर ।
तिम्रा ती स्वप्नका फूल म फक्राउँछु सुन्दर ॥
(सहिदहरूको अन्तरसंवाद : ९ र १०)

देश र जनताका लागि मरिमेटेर सामन्ती सरकारसँग सङ्घर्ष गर्दागर्दै निरङ्कुश शासकका अगाडि प्राण आहुति दिएका महान् सहिदहरूको सम्झनामा कवि प्रेक्षितले लेखेका छन् :

सामन्ती अवशेष दुर्गहरू यी भत्काउँछौ रे तिमी
क्रान्तिज्वार समस्त दिलहरूमा सल्काउँछौ रे तिमी ॥
अन्यायी सब क्रूर दानवपना तर्साउँछौ रे तिमी
भाग्छन् दुर्दिन ती कठोर युगका हुर्‍याउँछौ रे तिमी ॥
(सहिद : ५)

देश र जनताका लागि प्राण उत्सर्ग गर्ने सहिदलाई सम्बोधन गर्दै कविले यस कवितामा देशका प्रत्येक मुटु, श्वासप्रश्वास र जीवनमा सहिदकै रगत बगिरहेको र हृदयका हरेक भावमा सहिदकै महिमा गुन्जिरहने अभिव्यक्ति प्रस्तुत गरेर सहिदप्रतिको सम्मान व्यक्त गरेका छन् ।

**हाइकुमा राष्ट्रबोध**

कवि प्रेक्षितले आफ्ना कवितामा मात्र होइन हाइकु र सेन्युका माध्यमबाट पनि राष्ट्रप्रेम, देशभक्ति, मातृभूमिप्रतिको आस्था एवम् माटोप्रतिको मायाममता व्यक्त गरेका छन् । छिमेकीले दुःख दिँदाको पीडा, विदेशले देशका विभिन्न क्षेत्रमाथि गरेको हस्तक्षेप, भ्रष्टाचार, लुट, हत्या, अवैध व्यापारिक धन्दा आदि देश बिगार्ने खराब त?वका कारण राष्ट्र झन्झन् खोक्रो बन्दै गएको सन्दर्भ कविले आफ्ना हाइकुमा व्यक्त गरेका छन् ।

स्वार्थी छिमेकीप्रतिको आक्रोश :

पापी छिमेकी
प्रत्येक दिन मेरो
करेसो मिच्छ । (१२७)

मेरो संस्कृति
युरोपमा फैलियो
नेपाल बुच्चै ! (१३९)

दक्षिणी स्याल
भोकले कराउँदा
बाख्रो चिच्यायो ! (१६९)

सिमानापारि
ब्वाँसाहरू देखिए
पाठहरू खै ? (१७०)

देश भ्रष्टाचारले खोक्रो भएको अवस्था चित्रण गर्दै हाइजिन प्रेक्षित लेख्छन् :

घ्याम्पोभैँ भुँडी
नौतले दरबार
समाजवाद ! (६९)

ढिलासुस्ती छ
भ्रष्टाचार मौलायो
अग्रगमन ! (८३)

त्यागी छन् नेता
भ्रष्टाचार गर्दैनन्
मौका नपर्दा । (१०३)

घुस चल्दैन
हाम्रो कार्यालयमा
टेबुलमाथि ! (१३४)

घुसको जुस
मर्छु भन्छ नपाए
ऊ कर्मचारी ! (१५२)

भ्रष्टाचारीको
सज्जनमाथि मुद्दा
विना नामको ! (२०४)

व्यापार, व्यवसायका जुनसुकै क्षेत्रमा जनता लुटिइरहेका छन् । कवि लेख्छन् :

सकेको लुट
निमुखालाई भुट
खुला बजार ! (१३३)

सक्नेले लुट्ने
नसक्नेलाई भुट्ने
दलाल पुँजी ! (१६७)

म छु ट्याक्सीमा
चल्दैन त मिटर
लुटको राज ! (१९२)

शिक्षा क्षेत्रमा देखिएको विकृति :
महँगो शुल्क
न्यूनतम तलब
बोर्डिङ स्कुल ! (१९६)

लिँदैन कक्षा
गुन्डागर्दीको रक्षा
ऊ प्राध्यापक ! (२०५)

यस्ता विकृत र विसङ्गत पक्षले समाज र देशलाई उँभो लगाउँदैन । सच्चा राष्ट्रवादी व्यक्ति देश र समाज जतातत‌ै स्वच्छ, निर्मल र सफा व्यवहार भएको देख्न चाहन्छ । त्यो स्वच्छतामा बादल लाग्यो र जतातत‌ै बेथितिको कुइरीमण्डल व्याप्त भयो भने देशभक्त कविको मन थामिन नसक्नाका अभिव्यक्ति माथिका सेन्युले प्रतिनिधित्व गरेका छन् । कवि प्रेक्षितले देश र समाजलाई खोक्रो बनाएर देशलाई दिशाहीन र गतिहीन बनाउने त?वप्रति व्यङ्ग्य मात्र गरेका छैनन् देश कहिले समृद्ध बन्ला भनेर चिन्ता पनि व्यक्त गरेका छन् :

बुद्धको देश
आकाशमा परेवा
धर्तीमा लास ! (६४)
कहिले होला
समृद्ध, सुखी र शान्त
नेपाल देश ! (१४४)

**निष्कर्ष**

कवि प्रेक्षित प्रगतिवादी भावधाराका वर्तमान युवापुस्ताका सशक्त प्रतिभाका रूपमा देखापरेका छन् । राष्ट्रियता प्रगतिवादी कविहरूमा देखिने महत्त्वपूर्ण प्रवृत्ति हो । माटोप्रतिको मायाममता, बाल्यकालीन जीवनमा खेलेका, डुलेका, खाएका कुराहरूको वर्णन, ग्रामीण जनजीवनप्रति आस्था, राष्ट्रिय प्रकृतिको चित्रण, राष्ट्रिय संस्कृतिको वर्णन आदि आफ्ना कवितामा व्यक्त गर्ने महत्त्वपूर्ण भावगत पक्ष हुन् । कवि प्रेक्षितले आफ्नो खण्डकाव्य 'ज्वाला'मा नेपालको हाल कर्णाली प्रदेशमा पर्ने दैलेख र त्यहाँको जनजीवन, प्रकृति, नदीनाला आदिको सुन्दर चित्र उतार्न सफल भएका छन् । एउटा निश्चित क्षेत्रको वर्णनभित्र पनि सिङ्गो देश अटाउन सकेको यो काव्य उनका जन्मभूमिप्रतिको अगाध मायाममताको महत्त्वपूर्ण दृष्टान्तका रूपमा यो काव्य आएको छ । 'समयका छालहरू', 'म, माटो र मुटु' यी दुवै कवितासङ्ग्रहका अधिकांश कवितामा कवि प्रेक्षितको अन्तर्यमा रहेको अगाध देशप्रेम अभिव्यक्त भएको छ भने 'आरम्भ' हाइकु तथा सेन्यु सङ्ग्रहमा पनि देशप्रेमका भावना यत्रतत्र छरिएर रहेका छन् । आफूभित्र छरिएर रहेको राष्ट्रप्रेमलाई कवि स्वयम्ले नै एकै ठाउँमा समेट्ने

Received : October 2020  Accepted : December 2020

प्रयास गरेका छन् । 'ज्वाला' खण्डकाव्यको 'आफ्नै कुरा' शीर्षकको भूमिकामा यसरी भनेका छन् :

होऊन् ती सुनका सारा नगरीहरू नै किन ?
म मेरै भूमिका रच्छु त्यो आह्लादित जीवन ।।
म कोर्छु सिर्जना रेखा यै धर्तीमा बसी बसी ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।।

शास्त्रीय छन्द खेलाउन खप्पिस कवि जगत् उपाध्यायले परिपक्व ढङ्गले शार्दूलविक्रीडित, मन्दाक्रान्ता, उपजाति, अनुष्टुप् आदि छन्द र लयमा राष्ट्रियता, मानवता, ग्रामीण जीवनप्रतिको आकर्षण एवं नागर सभ्यताप्रतिको विकर्षण, बालहृदयको निश्छलताको वर्णन आदि स्वच्छन्दतावादी भावधारामा प्रस्तुत गरेका छन् । राष्ट्रका विविध पक्षलाई प्रस्तुत गर्दै आफ्नै देश ठुलो र आफ्नै जन्मभूमि महान भन्ने भावलाई अभिव्यक्ति दिनु उनका कवितामा रहेको मूलभूत विशेषता हो ।

**सन्दर्भ सूची**


गौतम, केशव. (२०७३). खण्डकाव्यकार जगत् उपाध्याय 'प्रेक्षित'को 'ज्वाला' खण्डकाव्यको कृतिपरक अध्ययन. स्नातक लघु शोधपत्र. काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ ।

देवकोटा, सुनीता. (२०७४). जगत् प्रेक्षितका बालकविताहरूको अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौँ : रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

प्रेक्षित, जगत्. (२०६०). समयका छालहरू. कवितासङ्ग्रह. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

'प्रेक्षित', जगत् उपाध्याय. (२०५१). आकुञ्चन. संयुक्त कवितासङ्ग्रह. काठमाडौँ : आकुञ्चन प्रकाशन प्रा.लि. ।

'प्रेक्षित', जगत् उपाध्याय. (२०५४). ज्वाला (खण्डकाव्य). काठमाडौँ : डिल्लीप्रसाद पाण्डेय ।

'प्रेक्षित', जगत् उपाध्याय. (२०७५). आरम्भ (हाइकुसङ्ग्रह). काठमाडौँ : मकालु प्रकाशन गृह ।

'प्रेक्षित', जगत् उपाध्याय. (२०७५). म, माटो र मुटु (कवितासङ्ग्रह). काठमाडौँ : मकालु प्रकाशन गृह ।

भण्डारी, जगदीशचन्द्र (२०६५). सौन्दर्यको भूमिका. काठमाडौँ : अखिल नेपाल लेखक संघ ।

वाग्ले, शोभा. (२०७५). 'समयका छालहरू' कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन. स्नातकोत्तर शोधपत्र. काठमाडौँ : रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।